# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# बुटवल, नेपाल

सचिव बैठक नं: २८

बैठक मितिः २०७६/२/१

उपस्थिती

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशवराज आचार्य | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री किशोर जोशी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनञ्जय पौडेल | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री भिमार्जुन पाण्डे | निमित्त सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री विनोद घिमिरे | निमित्त सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री सागर अधिकारी | शा.अ. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१. चालू आ.व.मा कार्यान्वयन हुन नसक्ने देखिएका आयोजना तथा कार्यक्रमहरुको बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयमा फिर्ता पठाउनेसम्बन्धी पूर्व निर्णय बमोजिम तुरुन्त कार्यान्वयन गर्ने । आन्तरिक रकमान्तर वा कार्यक्रम संशोधन मिति २०७६ जेष्ठ १० सम्म टुंग्याउने । यसरी कार्यक्रम संशोधन वा रकमान्तरका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउँदा लक्ष्य समेत संशोधन गरी बजेट थपघट गर्नुपर्नाको स्पष्ट कारण सहितको पुष्ट्याई उल्लेख गर्ने ।

२. आ.व. २०७६/७७ का लागि बजेट तर्जुमाको कार्य तीव्रताका साथ अगाडि बढाउने । बजेट तर्जुमा गर्दा अनिवार्य दायित्वको रकम छुट्याएर प्रदेशको प्रथम आवधिक योजना अनुरुप

प्रमुख सचिव

कार्यक्रम तर्जुमा गर्ने। अनिवार्य दायित्व अन्तर्गतको रकम निश्चित गर्दा कूल कर्मचारी दरबन्दी, थप हुने अत्यावश्यक संगठन संरचना तथा तिनीहरुको प्रशासनिक तथा कार्यक्रम खर्च समेत समावेश गर्ने।

३. प्रदेश सरकारको आयोजनामा सम्माननीय राष्ट्रपतिज्यू एवम् सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा यही जेष्ठ ४ गते लुम्बिनीमा हुन गइरहेको लुम्बिनी भ्रमण वर्ष २०७६ को शुभारम्भ समारोहमा सबै सचिवहरु अनिवार्य उपस्थित हुने र मन्त्रालय र मातहत कार्यालयका कर्मचारीहरुलाई समेत अनिवार्य उपस्थित गराउने ।

४. बिभिन्न मन्त्रालयहरुले अन्तर विषय क्षेत्रगत प्रकृतिका वा बृहत किसिमका सेमिनार, बैठक आदि आयोजना गर्दा एक अर्काको कार्यक्रम बीच दोहोरोपन नआओस् भन्ने उद्देश्यले अन्य मन्त्रालयसंग समयमै समन्वय गरी कार्यक्रम निर्धारण गर्ने ।

२०७६/२/१

प्रमुख सचिव

बोधार्थ

मा. मुख्यमन्त्रीज्यू,

प्रदेश नं ५